निर्णय नं. १:
मिति २०७८।०३।१७ गते आएको बाढीबाट बालीमा पुऱ्याएको क्षतिको विवरण कृषि ज्ञान केन्द्र, भरतपुर र जिल्ला विपद व्यवस्थापन समितिमा पेश गर्ने र क्षतिपुर्तीको लागि राहत माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २
यस रत्ननगर क्षेत्रमा बाढीका कारण कृषि क्षेत्रमा भएको क्षतिको विवरण संकलनको लागि विपद व्यवस्थापन समिति र कृषि विकास शाखा मार्फत संयूक्त अनूगमन गर्ने साथै अन्य तपसिल वमोजिम क्षतिको मूल्यांकन गरी क्षतिपुर्ती रकम प्रदान गर्ने निर्णय गरियो ।

तपसिल:

| क्षति विवरण | क्षतिपुर्ती रकम |
|---|---|
| • घर डूवान/खाद्यान्न तथा लत्ताकपडा क्षति | रु. २,०००।/प्रति घर |
| • घर भत्केको | रु. ७,०००। (अधिकतम) |

निर्णय नं. ३:
वन, वातावरण तथा विपद व्यवस्थापन समितिबाट सिफारिस भएवमोजिम तपसिल अनूसार आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

तपसिल:
१. श्री धन बहादूर अधिकारी, र.न.पा. ५ लाई रु. २५,०००।–(पच्चीस हजार मात्र)
२. श्री मिना महतो, र.न.पा. ८ लाई रु. २५,०००।–(पच्चीस हजार मात्र)
३. श्री कमल भूजेल, र.न.पा. १२ लाई रु. ५,०००।–(पाच हजार मात्र)
४. श्री राजेन्द्र लामा, र.न.पा. १ लाई रू. १५,०००। (पन्ध्र हजार मात्र)

निर्णय नं. ४.
विभिन्न वडाबाट माग भैआएको तारजाली तथा ढुंगाको लागिं जिल्ला विपद व्यवस्थापन समिति, चितवनलाई सहयोगका लागि पत्राचार गर्ने साथै वडा नं. १५ को माग वमोजिम ह्यूमपाईप खरिदका लागि खर्च भएको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५:
नगर क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्ने श्री माता कंकाली माई प्रा. लि. ले लकडाउनको कारण फोहोमैला संकलन वापतको शुल्क उठ्न नसकेको हुंदा छुट माग गरेको तथा ल्याण्डफिल साईटमा औषधी छर्कने र फोहोरमैला व्यवस्थापनमा स्काभेटर प्रयोग भएवापतको खर्च भुक्तानी माग गरेकोमा स्थलगत निरिक्षण गरी यथार्थ काम भए नभएको एकीन गरी ७(सात) दिनभित्र प्रतिवेदन पेश गर्न निम्न अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:
संयोजक श्री शशीभक्त न्यौपाने, वडा अध्यक्ष, र.न.पा. ११
सदस्य श्री बीर बहादुर पाख्रिन, वडा अध्यक्ष, र.न.पा. १२
सदस्य श्री चित्र बहादुर भण्डारी, वडा अध्यक्ष, र.न.पा. १३
सदस्य श्री शंकर बहादुर कुंवर, प्राविधिक, र.न.पा.का.
सदस्य सचिव श्री धर्मराज अधिकारी, राजश्व उपशाखा प्रमुख

निर्णय नं. ६:
नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्ने सेवा प्रदायक संस्था श्री कंकालीमाई कम्पनी प्रा.लि. को काम सन्तोषजनक देखिएकोले सम्झौताको शर्त अनुसार रकम थप गरी २०७८ श्रावण १ देखि २०७९ असार मसान्तसम्म १(एक) वर्ष करार सम्झौता थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ७:
नगर शिक्षा समितिको मिति २०७८।०२।२७ को बैठकबाट संघीय सशर्त कार्यक्रम अन्तर्गतको कार्यक्रमबाट रकमान्तरको लागि सिफारिस भई आएको हुंदा तपसिल वमोजिम रकमान्तर गर्ने निर्णय

तपसिल:

| स्वीकृत कार्यक्रम | रकम | रकमान्तर हुने शिर्षक | रकम |
|---|---|---|---|
| कोभिड १९ को कारण उत्पन्न परिस्थितीमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम | ६,००,०००। | शैक्षिक पहुंच सुनिश्चिततामा अनौपचारिक तथा वैकल्पीक विद्यालय | १२,३०,०००। |
| सामुदायिक विद्यालयको छांत्रावासको लागि नि:शुल्क सेनेटरी प्याड व्यवस्थापन | ४,३०,०००। | | |
| कक्षा ८ को परीक्षा व्यवस्थापन | २,००,०००। | | |

**निर्णय नं. ८:**

ड्रायर खरिदका लागि सम्झौता भएको श्री मुक्तीनाथ कृषि कम्पनी मिति २०७८।०३।१८ गते सम्झौता गरे पश्चात असार २०७८।०३।२२ गते नेपाल सरकार सार्वजनिक खरिद अनुगमन कार्यालयले निजलाई कालो सूचीमा राखेको हुँदा कालो सूचीमा परेका कम्पनीसंग खरिद सम्झौता भएतापनि खरिद गर्न नहुने र नसकिने भएकाले उक्त श्री मुक्तीनाथ कम्पनीसंगको खरिद सम्झौता रद्ध गर्ने र आगामी आ.व.मा ड्रायर खरिदका लागि वजेटको व्यवस्था गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

बागमती प्रदेश सरकारबाट बकुलहर रत्ननगर अस्पतालमा भेन्टीलेटर र स्वास्थ्य सम्बन्धी उपकरण खरिदका लागि विनियोजित रु. ८०,००,०००।- (असी लाख) बाट सो कार्यका लागि दोश्रो पटक सूचना प्रकासित भई बोलपत्र पेश भएको तथा खरिद प्रक्रियामा रहेकोले उक्त रकम बकुलहर रत्ननगर अस्पताललाई निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. १०:**

नेपाल सरकार/प्रदेश सरकार समपुरक, सशर्त, विशेष र पूर्वाधार विकास कार्यक्रमको म्याद थप गरिदिनका लागि नेपाल सरकार/प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

नेपाल नमुना मा. वि. को बोलपत्र प्रकासन भै कार्यान्वयनमा रहेको रकम र बोलपत्र प्रकासन पश्चात बाँकी रहेको रकम नमुना विद्यालय संचालन कार्यविधी २०७७ वमोजिम सोही विद्यालयको खातामा राखी रोक्का गर्ने र कार्य प्रगती वमोजिम फुकुवा गर्दै भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १२:**

जनजागृति मा. वि. भवन निर्माणको लागि बोलपत्र प्रकासन भई सम्झौता भएकोमा हाल कार्यसंचालनमा रहेको हुँदा भुक्तानी बाँकी रकम रु. ४०,५०,५९७- (कन्टेन्जेन्सी बाहेक) सोही विद्यालयको खातामा राखी रोक्का गर्ने र कार्य प्रगती वमोजिम फुकुवा गर्दै भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३:**

आगामी श्रावण पहिलो साताभित्र तपसिल वमोजिम जिन्सी निरिक्षण समिति गठन गरी कार्यआदेश दिने र १५ दिन भित्र प्रतिवेदन माग गर्ने निर्णय गरियो ।

तपसिल:

(क) सम्पूर्ण सामुदायिक विद्यालयको जिन्सी निरिक्षण समिति
(ख) सम्पूर्ण स्वास्थ्य संस्थाको जिन्सी निरिक्षण समिति
(ग) कार्यालय र वडा कार्यालयको जिन्सी निरिक्षण समिति

**निर्णय नं. १४:**

आगामी आ. व. २०७८।०७९ का लागि नगर कार्यपालिका कार्यालय र वडाबाट बोलपत्र तथा दरभाउपत्र मार्फत गरिने निर्माण कार्य, तारजाली खरिद, ह्यूमपाईप खरिद, पोलिथिन पाइप खरिद लगायतका के कति सामाग्री कार्यालय र वडाको कति रकमबाट खरिद गर्ने हो १(एक) ...

**निर्णय नं. १५:**

यस नगरपालिकाले विशेष नगरसभा (मिति २०७८।०१।१०) बाट पारित गरेको अव्यवस्थित बसोवासी व्यवस्थापन कार्यविधि २०७८ लाई संसोधन गरी **"रत्ननगर नगरपालिकाको सार्वजनिक सम्पत्ति संरक्षण सम्बन्धी कार्यविधी, २०७८"** नामाकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:**

रत्ननगर न. पा. वडा नं. १३, शितल टोल नजिक्रमा बस्ने सुकुम्वासीहरुलाई जग्गा उपलव्ध गराउने रत्ननगर १३, निवासी श्री सकुन्तला भट्टराई (७ जना) र उजेली सार्की (१५ जनालाई) नि:शुल्क जग्गा प्रदान गर्नुभएकोमा धन्यवाद दिई निज सुकम्वासीको नाममा ल्याउन सहजीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

सम्पत्ति कर मुल्यांकनको लागि वडाहरुमा रहेको सडकको अवस्थाको बारेमा सम्बन्धित वडा अध्यक्षको सिफारिसको आधारमा बाटोको अवस्था कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:**

नेपाल सरकारबाट नेपाल मा.वि., रत्ननगर -२, बागमती प्रदेश सरकारबाट जनजागृति मा. वि., रत्ननगर- १४ लाई नमुना विद्यालय छनौट गरेकोमा यस नगरपालिकाको तर्फबाट बैरिया मा. वि. रत्ननगर -१३ लाई नमुना विद्यालयको रुपमा छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९:**

वडा नं. १ सौराहाचोक स्थित रत्ननगर बसपार्क, वडा नं. २ टांडीचोक स्थित आकाशे पुलमा विज्ञापन कर, सार्वजनिक स्थानमा मोटर पार्किङ्ग तथा नगरपालिका हाताभित्र चमेना गृह संचालन सम्बन्धी शिलवन्दी बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०:**

समुन्नत नेपाल र नगरपालिकाको संयुक्त साझेदारीमा संचालन भएको खेल्दै सिक्दै कार्यक्रमको लागि शिक्षातर्फको अतिरिक्त क्रियाकलाप संचालन शिर्षकमा विनियोजित रकम रु. १,००,०००।- (एक लाख मात्र) बाट रकमान्तर गरी कार्यक्रम संचालन गर्दा भएको खर्च भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २१**

वडा नं. ७ स्थित पूर्व: महाराजा महतो, पश्चिम बाटो, उत्तर: बाटो, दक्षिण सिंचाई कुलो यति चारकिल्ला भित्रको सार्वजनिक जग्गा रत्ननगर ७ स्थित पर्यटन प्रहरी कार्यालयको भवन निर्माणका लागि जग्गा उपलव्ध गराउन आवश्यक प्रक्रियाका लागि सिफारिस दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

यस नगरपालिका अन्तर्गत रहेका बालगृहहरू आवासिय बालगृहहरूको संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०६९ वमोजिम संचालन भए नभएको नियमितरूपमा अनुगमन गर्ने, बालगृहमा रहेका बालबालिकाहरूलाई सम्बन्धित पालिका/परिवारमा पुनर्मिलन/पुन:स्थापना गर्न पहल गर्ने, बालगृहमा बालबालिका थप गर्न सम्बन्धित महिला विकास शाखा/वडाको सिफारिस लिने र पुनर्मिलन तथा पुन:स्थापना गराउंदा सम्बन्धित शाखा/वडामा जानकारी दिने साथै बालगृहहरूलाई नियमानुसार नविकरण गर्न सिफारिस गर्दै क्रमश: एकीकरण गरी अगाडि बढ्ने निर्णय गरियो ।